# जिल्ला समन्वय समितिको कार्यालय
काठमाडौं ।

०१-४२५४१०४
०१-४२५४१०६
०१-४२५४६९७
Fax: ४२५३९९६

बबरमहल, काठमाडौं
३ नं. प्रदेश, नेपाल ।


जिल्ला समन्वय समितिको कार्यालय बबरमहल, काठमाडौं २०७३

पत्र संख्या :- २०७४/०७५
चलानी नं.:- ८८४

मिति :.....२०७४/०७/२४......

**विषयः- निजी जग्गा व्यवस्थापन सम्बन्धमा ।**

श्री प्रमुखज्यू,
काठमाडौं महानगरपालिका
शंखरापुर/कागेश्वरी मनहरा/गोकर्णेश्वर/वूढानीलकण्ठ/टोखा/तारकेश्वर/नागार्जुन/चन्द्रागिरी/कीर्तिपुर/दक्षिणकाली नगरपालिका, काठमाडौं ।

प्रस्तुत विषयमा जिल्ला स्तरीय अनुगमन समितिको मिति २०७४/०७/१६ गते प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा निजि जग्गा व्यवस्थापन सम्वन्धमा वसेको वैठकबाट देहाय वमोजिम निर्णय भएको हुंदा जानकारी एवं कार्यान्व्यनको लागि अनुरोध छ ।

**निर्णय**

निजी जग्गा व्यवस्थापन (खन्न/सम्याउन) गर्न पाउँ भनी विभिन्न व्यक्तिले काठमाडौंका जि.स.स. तथा न.पा.हरुमा निवेदन दिएको सन्दर्भमा कुनै व्यक्तिले आफ्नो वा एकाघरका परिवारका सदस्यको नाममा रहेको जग्गा कृषि प्रयोजनका लागि वा घरटहरा निर्माणका लागि खन्न/सम्याउन परी ढुंगा, माटो, वालुवा विक्री वितरण गर्नुपर्ने भएमा देहाय वमोजिम गर्ने निर्णय गरियो ।

**(क) डोजर, स्काभेटर जस्ता भारी उपकरण प्रयोग नगरी जग्गा व्यवस्थापन गर्नुपर्ने भएमा:**

१. सम्वन्धित व्यक्तिले कहाँबाट के कति कारणले माटो, वालुवा निकाल्न लागेको हो स्पष्ट खुलाई नगरपालिकामा निवेदन दिनुपर्ने ।
२. नगरपालिकाले आवश्यक देखेका अन्य कुराका अतिरिक्त देहायका कुरा एकिन गर्ने ।
   - सो जग्गा निवेदक स्वयमको वा आफ्ना एकाघरका परिवारको सदस्यको नामको भए/नभएको । (लालपुर्जा/नापी नक्सा)
   - निवेदकले माटो निकाल्नु परेको भनी खुलाएको व्यहोरा उपयुक्त रहे/नरहेको ।
   - निवेदकको जग्गाको वरिपरि रहेका संधियारहरुको मन्जुरी रहे/नरहेको ।
   - माटो निकाल्न लागेको स्थलसंग सार्वजनिक जग्गा/वन क्षेत्र जोडिएको छ छैन ? यदि जोडिएको भए त्यस्तो सार्वजनिक जग्गा वा वनक्षेत्र वा विद्यालय वा अन्य सार्वजनिक सम्पत्ति रहेको जग्गाबाट कम्तिमा ३० फिट छोडेर मात्र माटो निकाल्न पाईनेछ ।
   - वरपरको जमिनको सतह भन्दा गहिरो हुने गरी वा खाल्डो वनाएर माटो वालुवा निकाल्न पाईने छैन ।
   - यस वाहेकका अन्य शर्तहरु नगरपालिकाले तयार गरी लागू गर्न सक्नेछ ।

   उपरोक्त वमोजिम नापजाँच गर्दा उपयुक्त देखिएमा डोजर, स्काभेटर जस्ता भारी उपकरण प्रयोग नगरी आफ्नो जग्गा व्यवस्थापन गर्न निवेदन दिएको भए नगरपालिकाले कहाँ ? कस्लाई के कसरी ? के कति मात्रामा कति समय भित्र माटो/वालुवा झिक्नुपर्ने हो स्पष्ट गरी स्वीकृती दिई सो को यथार्थ विवरण स्थानीय प्रहरी, इलाका प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र नगरपालिकाले नियमित अनुगमनको प्रवन्ध मिलाउने ।

**ख) डोजर, स्काभेटर जस्ता भारी उपकरण प्रयोग गरी जग्गा व्यवस्थापन गर्नुपर्ने भएमा:**

- माथि (क) मा उल्लेखित मापदण्ड पुरा भए/नभएको एकिन गर्ने ।
- उल्लेखित मापदण्ड पुरा भएको र डोजर, स्काभेटर जस्ता भारी उपकरण प्रयोग गरी माटो, वालुवा निकाल्न आवश्यक भएको भए :
- नगरपालिकाले डोजर, स्काभेटर जस्ता भारी उपकरण प्रयोग गरी माटो, वालुवा निकाल्न सिफारिससाथ जिल्ला समन्वय समितिमा लेखी पठाउने ।
- जिल्ला समन्वय समितिले जिल्ला अनुगमन समितिबाट गठित समिति मार्फत स्थलगत अनुगमन गरी प्राप्त राय समेतका आधारमा आवश्यक निर्णय लिई कार्यान्वयन तथा अनुगमनका लागि सम्वन्धित नगरपालिकामा पठाउने र सोको जानकारी जिल्ला प्रशासन कार्यालय र महानगरीय प्रहरी परिसरलाई समेत दिने ।

(गोपाल कुमार अधिकारी)
जिल्ला समन्वय अधिकारी